MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजत प्राप्त वित्तिय संस्था)
कोशी प्रदेश कार्यक्षेत्र भएको
Banking and beyond

च.नं.:001/OP/२५४/083-84

मिति : २०८३/०८/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबारप्लाजा, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

विषय : २१औं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बैकको मिति २०८३/०८/८ गते दिउँसो ४:०० बजे बसेको संचालक समितिको २७७औं बैठकको निर्णय अनुसार यस संस्थाको २१औं वार्षिक साधारण सभा मिति २०८३ पौष ४ गते शनिवार विहान १०.०० बजे सुनसरी उद्योग बाणिज्य संघ, धरान १, सुनसरीमा बस्ने र सो प्रयोजनको लागि तपशिल बमोजिको प्रस्ताव सहित मिति २०८३ मंसिर १६ गते देखि २०८३ पुष ४ गते सम्म शेयरधनी दर्ता किताब बन्द गरिने निर्णय भएको जानकारी गराउँदछौं ।

साथै, यो सम्वन्धी सूचना मिति २०८३ मंसिर ९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित हुने जानकारी सहित सुचनाको एक प्रति संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल :

हाल कायम चुक्ता पूँजी रु १,२१,७१,००,०००। को ५ प्रतिशत बोनस लाभांश रु ६,०८,५५,०००। र ६ प्रतिशत नगद लाभांश रु ७,३०,२६,०००। (सम्पूर्ण लाभांशमा लाग्ने कर समेत) गरी रु १३,३८,८१,०००। (तेह्र करोड अठतीस लाख एकासी हजार रुपैयाँ मात्र) लाभांश वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय सस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
३. श्री प्रभु क्यापीटल लिमिटेड, कमलादि, काठमाडौं ।

भवदिय

(अनन्त कुमार चापगाँई)
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

Head Office
Dharan-12, Mahendra Path, Sunsari, Nepal
Tel.: 025-536317, 538317
E-mail : info@miteribank.com.np
Website : www.miteribank.com.np

MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्था)
प्रधान कार्यालयः धरान १२, महेन्द्रपथ, धरान १२ सुनसरी, नेपाल फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np, Url: www.miteribank.com.np

को

२१ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०८/०५ गते)

श्री शेयरधनी महानुभावहरु,

यस बैंकको मिति २०८३/०८/०८ गते बसेको सञ्चालक समितिको २७७ औं बैठकको निर्णयानुसार निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न यस बैंकको २१औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८३/०९/०४ गते

समय : बिहान १०:०० बजे ।

स्थान : सुनसरी उद्योग वाणिज्य संघ, धरान-१, सुनसरी

छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचि:

क) **सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८३ असार मसान्तको वासलात, २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्मको नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८३/०८४ को हरहिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/०८३ सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूंजी रु.१,२१,७१,००,०००।- (अक्षरेपी एक अर्ब एक्काइस करोड एकहत्तर लाख) को ६ प्रतिशत नगद लाभांश रु.७,३०,२६,०००।- (सम्पूर्ण (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) स्वीकृत गर्ने ।
५. बैंकको नियमावली बमोजिम संस्थापक शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

ख) **विशेष प्रस्तावहरु:**

१. बैंकको अधिकृत पूंजी वृद्धि गरी रु १,५०,००,००,०००।- (एक अर्ब पचास करोड मात्र) पुऱ्याउने ।
२. संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई आ.व. २०८२/०८३ सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूंजी रु १,२१,७१,००,०००।- (अक्षरेपी एक अर्ब एक्काइस करोड एकहत्तर लाख) को ५ प्रतिशत बोनस शेयर रु.६,०८,५५,०००।- (छ करोड आठ लाख पचपन्न हजार रुपैया मात्र) बोनश शेयर दिने प्रस्ताव स्वीकृत गर्ने ।
३. बैंकको विशेष प्रस्ताव नं. १ र २ बमोजिम बैंकको अधिकृत पूंजी, जारी पूंजी र चुक्ता पूंजीमा परिवर्तन गर्नुपर्ने भएका कारण प्रवन्धपत्रको दफा ५ (क), ५ (ख), र ५ (ग) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने तथा संशोधनमा नियमनकारी निकायबाट फेलवदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।
४. आ.व. २०८२/०८३ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनको लागि अनुमोदन गर्ने ।
५. मितेरी डेभलपमेन्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा:
   अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धि सम्पर्ण प्रक्रिया अवलम्बन गरि कार्य अघि बढाउन संचालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने ।
   आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पति र दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) **विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी:

१. सम्पर्ण शेयरधनी महानुभावहरुलाई बैंकको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाईएको छ । कुनै कारणवस उक्त वित्तीय विवरण नपुगेमा बैंकमा सम्पर्क राखि वित्तीय विवरण प्राप्त गर्न सक्नु हुनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावले व्यक्तिगत रुपमा पठाएको सूचना साथै शेयर प्रमाण-पत्रको प्रतिलिपि वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सवारी चालक अनुमति-पत्र वा परिचय-पत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
२. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनेले बैंकको प्रधान कार्यालय महेन्द्रपथ, धरान-१२, सुनसरीमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराईसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु आवश्यक छ ।
३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः बदर हुनेछ ।
४. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि प्रोक्सीहरु स्वतः बदर हुनेछ ।
५. नाबालक वा बिछिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि नोक्त सक्नु हुनेछ ।
६. शेयरधनीले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यू वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ ।
७. सभामा भाग लिन प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिनको १०:०० बजेदेखि सभा समयसम्म खुल्ला रहनेछ ।
८. शेयरधनी महानुभावहरुलाई सु-सूचित गराउने सकियोस भन्ने दृष्टिकोणले कुनै शेयरधनी महानुभावलाई बैंक सम्बन्धि जिज्ञाशा भए विविध विषय अन्तर्गत व्यसको लिखित रुपमा सभा हुनु भन्दा ७ (सात) दिन अगावै बैंकको प्रधान कार्यालय महेन्द्रपथ धरान १२ सुनसरीमा पठाउनु अनुरोध छ तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. यस वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनको लागि शेयर दाखिल खारेज गर्ने कार्य मिति २०८३/०८/१६ गते देखि २०८३/०९/४ गते सम्म बन्द रहनेछ ।
१०. साधारण सभा तथा सचालक निर्वाचन सम्बन्धि जानकारी तथा अन्य आवश्यक जानकारीको लागि यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय महेन्द्रपथ, धरान-१२, सुनसरी फोन नं. ०२५-५३६३१७/५३८३१७ मा सम्पर्क राख्न हुनु अनुरोध गरिन्छ ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal